# जहदा गाउँपालिका

# कार्यविधी

२०७८

Scanned with CamScanner

# शिक्षण स्वयंसेवक परिचालन कार्यविधि

सामुदयिक विद्यालयमा न्यून दरबन्दी वा दरबन्दी नभएका विद्यालयहरुलाई शिक्षणसिकाई कार्यमा सहयोग पुर्याउने उद्देश्यले जहदा गाउँपालिकाले गाउँपालिकाको शिक्षा ऐन २०७७ को दफा ६१ ले दिएको अधिकार प्रयोग गरी गाउँकार्यपालिकाले यो कार्यविधि जारी गरेको छ ।

## परिच्छेद १- प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः

(१) यो कार्यविधिको शिक्षण स्वयंसेवक परिचालन कार्यविधि २०७७ रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क) "गाउँपालिका भन्नाले जहदा गाउँपालिकालाई सम्झिनुपर्दछ ।

ख) "ऐन "भन्नाले जहदा गाउँपालिकाको शिक्षा ऐन २०७७ सम्झनुपर्दछ ।

ग) "प्रमुख" भन्नाले जहदा गाउँपालिकाको प्रमुखलाई सम्झनुपर्दछ ।

घ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले जहदा गाउँपालिकाको प्रमुख प्रशासकिय अधिकृतलाई सम्झनुपर्दछ ।

ङ) "शाखा " भन्नाले शिक्षा युवा तथा खेलकुद शाखा सम्झनुपर्दछ ।

च) "शिक्षा अधिकृत "भन्नाले शिक्षा युवा तथा खेलकुद शाखाको प्रमुख वा सो कामकाज गर्न तोकिएको कर्मचारी सम्झनुपर्दछ ।

छ) "विद्यालय व्यवस्थापन समिति" भन्नाले दफा १८ बमोजिम गठित भएको समिति सम्झनुपर्दछ ।

ज) "शिक्षक" भन्नाले स्वीकृत दरबन्दी, राहत अनुदान कोटा ,स्वयंसेवक शिक्षक पदमा कार्यरत शिक्षकलाई सम्झनुपर्दछ ।

झ) समिति भन्नाले गाउँ शिक्षा समितिलाई सम्झनुपर्दछ ।

## परिच्छेद २- स्वयंसेवक परिचालनको उद्देश्य

३.शिक्षण स्वयंसेवक परिचालनको उद्देश्य देहाय बमोजिम हुनेछ

क) न्यून दरबन्दी वा दरबन्दी नभएका विद्यालयहरुलाई शिक्षण सिकाई कार्यमा सहयोग पुर्याउनु

ख) विद्यालयको शैक्षिक गुणस्तर अभिबृद्धिमा सहयोग पुर्याउनु

ग) विद्यार्थीको दैनिक शिक्षण सिकाई क्रियाकलापलाई सहयोग पुर्याउनु

## परिच्छेद -३

## शिक्षण स्वयंसेवकको सङ्ख्या निर्धारण छनौट तथा नियुक्ति सम्बन्धि व्यवस्था

४) स्वयंसेवक शिक्षकको कोटा निर्धारण शिक्षक दरबन्दी न्युन तथा अपुग भएका सामुदायिक माध्यमिक तथा आधारभूत विद्यालयहरुलाई विद्यार्थी सङ्ख्या तथा मौजुदा शिक्षक दरबन्दी विषयगत आवश्यकता समेतका आधारमा गाउँ शिक्षा समितिले निर्धारण गर्नेछ ।

५. शिक्षा समितिले स्वयंसेवक कोटा निर्धारण गरेपछि विद्यालय व्यवस्थापन समितिको निर्णयबमोजिम विद्यालय मौजुदा विषयगत शिक्षकको सङ्ख्या र विद्यालयको आवश्यकता अनुसार विषय निर्धारण गरि अनुमतिका लागि गाँउपालिका शिक्षा युवा तथा खेलकुद शाखामा माग गर्नुपर्नेछ ।

सुदर्शन घिमिरे
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

६. शिक्षा शाखाले विद्यालयको मागलाई विश्लेषण गरी आवश्यकता एकिन गरी अनुमति दिनुपर्नेछ ।

७. स्वयंसेवक हुन चाहिने योग्यता: स्वयंसेवक शिक्षक हुन देहाय बमोजिम योग्यता हुनु पर्नेछः-

क) नेपाली नागरिक

ख) अठार वर्ष उमेर पूरा भई चालिस वर्ष उमेर ननाघेको

ग) मगज नबिग्रेको

घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार नठहरिएको

ङ) भविष्यमा सरकारी नोकरी वा शिक्षक सेवाको लागि अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त नगरिएको

च) आधारभूत तहको हकमा मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा प्रमाणपत्र वा सो सरह परीक्षा उत्तीर्ण भएको वा माध्यमिक तहको हकमा मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातक वा सो सरह उत्तिर्ण भएको

छ) कम्प्युटर शिक्षकको हकमा मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा कंम्प्युटर ईन डिप्लोमा उत्तीर्ण गरेको

ज) स्थायी अध्यापन अनुमति पत्र भएको

तर विज्ञान शिक्षक र कम्प्युटर शिक्षकको हकमा अध्यापन अनुमति पत्र भएको उम्मेद्वार उपलब्ध हुन नसकेमा विद्यालयको विषयगत आवश्यकता हेरी अध्यापन अनुमति पत्र नभएको व्यक्ति पनि उम्मेद्वार हुन सक्नेछ ।

स्थानीय उम्मेद्वारलाई प्राथमिकता दिन सकिनेछ ।

६) स्वयंसेवक शिक्षकको नियुक्तिः स्वयंसेवकको शिक्षकको नियुक्ति गाउँ शिक्षा ऐन २०७७ को दफा २३ बमोजिम हुनेछ

## परिच्छेद ४- स्वयंसेवक शिक्षकको सेवा शर्त र सुविधा

८. स्वयंसेवकको सेवा शर्त :(१) स्वयंसेवकको कार्यावधि एक शैक्षिक सत्रको हुनेछ ।

(२) स्वयंसेवक शिक्षकले नियुक्ति भएको विद्यालयमा नियमित उपस्थित भई तोकिएको घण्टी लिनुपर्नेछ ।

(३) स्वयंसेवक शिक्षकले सम्झौतामा तोकिएबमोजिमका शर्तहरु अनिवार्य रुपमा पालना गर्नुपर्नेछ ।

(४) स्वयंसेवक शिक्षकलाई दिईने मासिक निर्वाह भत्ता गाउँपालिका र विद्यालयले तोकेबमोजिम हुनेछ। ।

९. शिक्षकले पाउने विदाः

क) विद्यालयमा रुजु हाजिरीका आधारमा प्रत्येक महिना एक दिन भैपरी आउने वा पर्व विदा

ख) आफ्नो रित वा परम्परा अनुसार बढीमा पन्ध्र दिन किरिया विदा।

२. स्वयंसेवकको विदाको स्वीकृती सम्बन्धित विद्यालयको प्रधानाध्यापकले गर्नेछ ।

१०.कार्यविधिमा संशोधनः गाउँकार्यापालिकाले यस कार्यविधि संशोधन गर्न सक्नेछ ।

११. यस कार्यविधि बमोजिम हुनेः यस कार्यविधिमा लेखिएका कुराहरु यसै बमोजिम र अन्य कुराहरु प्रचलित नेपाल कानुन बमोजिम हुनेछ ।यो कार्यविधि लागू हुनुपूर्व भएका काम कारवाही यसै कार्यविधि बमोजिम भएको मानिनेछ ।

१२. आवश्यक मापदण्ड बनाउन सक्नेः गाउँ शिक्षा समितिले आवश्यक ठानेमा मापदण्ड बनाउन सक्नेछ ।

१३. कार्यविधिको व्याख्या : यो कार्यविधिको व्याख्या गाउँकार्यपालिकाले गरे बमोजिम हुनेछ ।

सुवर्ण घिमिरे
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

# सामुदायिक विद्यालयमा प्रति विद्यार्थी एकाई लागतका आधारमा अध्यापन कार्यमा सहयोग अनुदान कार्यान्वयन निर्देशिका २०७७

सामुदयिक विद्यालयहरुमा नेपाल सरकारबाट उपलब्ध गराएको शिक्षक दरबन्दी न्युन भएका विद्यार्थी सङ्ख्या बढी भई शिक्षण सिकाईमा न्युनतम शिक्षक व्यवस्थापन हुन नसकेका विद्यालयहरुलाई विद्यार्थी शिक्षक अनुपात बढी भएका विद्यालयहरुमा विद्यार्थी सङ्ख्याका आधारमा शिक्षक व्यवस्थापनका लागि स्रोत उपलब्ध गराई सबै बालबालिकाले समान रुपमा सिक्न पाउने अवसर सुनिश्चित गर्ने उद्देश्यले गाउँपालिकाले शिक्षा ऐन २०७७ को दफा ६१ को अधिकार प्रयोग गरी यो कार्यविधि जारी गरेको छ ।

## परिच्छेद १- प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः

(१) यो कार्यविधिको नाम सामुदायिक विद्यालयमा प्रति विद्यार्थी एकाई लागतका आधारमा अध्यापन कार्यमा सहयोग कार्यविधि २०७७ रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क) "गाउँपालिका भन्नाले जहदा गाउँपालिकालाई सम्झिनुपर्दछ ।

ख) "ऐन "भन्नाले जहदा गाउँपालिकाको शिक्षा ऐन २०७७ सम्झनुपर्दछ ।

ग) "प्रमुख" भन्नाले जहदा गाउँपालिकाको प्रमुखलाई सम्झनुपर्दछ ।

घ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले जहदा गाउँपालिकाको प्रमुख प्रशासकिय अधिकृतलाई सम्झनुपर्दछ ।

ङ) "शाखा " भन्नाले शिक्षा युवा तथा खेलकुद शाखा सम्झनुपर्दछ ।

च) "शिक्षा अधिकृत "भन्नाले शिक्षा युवा तथा खेलकुद शाखाको प्रमुख वा सो कामकाज गर्न तोकिएको कर्मचारी सम्झनुपर्दछ ।

छ) "विद्यालय व्यवस्थापन समिति" भन्नाले दफा १८ बमोजिम गठित भएको समिति सम्झनुपर्दछ ।

ज) "शिक्षक" भन्नाले स्वीकृत दरबन्दी, राहत अनुदान कोटा ,स्वयंसेवक शिक्षक, पि सि फ शिक्षक र निजि स्रोतमा कार्यरत शिक्षकलाई सम्झनुपर्दछ ।

झ) "प्रति विद्यार्थी ईकाई लागत" भन्नाले शिक्षक विद्यार्थी अनुपातका आधारमा गाउँपालिकाबाट विनियोजन भएको कुल रकमलाई शिक्षा नियमावली बमोजिम विद्यार्थी सङ्ख्या र शिक्षक सङ्ख्याको अनुपात निकाली बढी भएका विद्यार्थी सङ्ख्याले हिसाब गरी आउने रकमलाई बुझ्नुपर्दछ ।

## परिच्छेद २- उद्देश्यहरु

३.१ विद्यार्थी सङ्ख्याका आधारमा विद्यालयलाई दिने अनुदान निर्धारण गर्नु ।

३.२ सामाजिक न्यायका आधारमा पारदर्शि रुपमा विद्यालयलाई अनुदान वितरण गर्नु ।

३.३ विद्यालय अनुदान वितरणमा एकरुपता कायम गर्नु ।

३.४ शिक्षक दरबन्दीको अभावबाट विद्यार्थीको पठनपाठनमा पर्ने प्रभाव कम गर्नु ।

३.५ गुणस्तरीय शिक्षाको सुनिश्चिततामा टेवा पुर्याउनु ।

सुवर्ण घिमिरे
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

## परिच्छेद ३- प्रति विद्यार्थी लागत अनुदान निर्धारण गर्ने आधारहरु

४. प्रति विद्यार्थी लागत अनुदान गणना गर्ने प्रमुख आधार विद्यालयमा भर्ना भई अध्ययनरत विद्यार्थी सङ्ख्यालाई लिईनेछ ।प्रति विद्यार्थी लागत उपलब्ध स्रोतका आधारमा शिक्षक विद्यार्थी अनुपात बढी भएका विद्यालयहरुलाई उपलब्ध गराउने निति लिईनेछ ।लागत अनुदान वितरण गर्ने आधारहरु देहायबमोजिम हुनेछन।

क) माध्यमिक विद्यालयमा मा वि तह शुन्य वा १ वटा दरबन्दी भएका विद्यालयहरु

ख) शिक्षक विद्यार्थी अनुपात उच्च रहेका

ग) आधारभूत तह कक्षा (६-८) मा निमा तहको शुन्य वा १ वटा मात्र दरबन्दी भएका विद्यालयहरु

घ) आधारभूत तह कक्षा (१-५) मा शुन्य दरबन्दी भएका विद्यालयहरु

५. विद्यालयले IEMIS मा भरेको तथ्याङ्कलाई विद्यालयको विद्यार्थी हाजिरी रजिष्ट्रडमा दैनिक हाजिरी भएका विद्यार्थीको सङ्ख्यासँग भिडाई शिक्षक विद्यार्थी अनुपात हिसाब गरिनेछ ।

## परिच्छेद ४- प्रति विद्यार्थी लागत अनुदान पाउन विद्यालयले पूरा गर्नुपर्ने शर्तहरु

६.प्रति विद्यार्थी एकाई लागत अनुदान पाउनका लागि विद्यालयहरुले देहायबमोजिमका शर्त पालना गर्नुपर्नेछ ।

६.१ विद्यालयले चालु र विगत दुई वर्षको (चालु शैक्षिक सत्र र सो भन्दा अघिल्लो दुई वर्षको शैक्षिक तथ्याङ्क) अनिवार्य रुपमा भर्नुपर्नेछ ।

६.२ विद्यालयमा विद्यालय व्यवस्थापन समिति अनिवार्य रुपमा गठन भएको हुनुपर्नेछ ।

६.३ विद्यालयको गत आ व को लेखापरीक्षण (आर्थिक र सामाजिक) दुवै भएको हुनुपर्नेछ ।

६.४ विद्यालयले आफ्नो सेवा क्षेत्र भित्रका सबै बालबालिकाहरुको घरधुरी सर्वेक्षण गरी भर्ना हुन बाकी रहेका बालबालिकहरुलाई विद्यालयमा भर्ना गराउने कार्ययोजना सहितको विद्यालय सुधार योजना पेश गर्नुपर्नेछ ।

६.५ विद्यालयमा भर्ना भएका बालबालिकाहरुको कम्तीमा ९० प्रतिशत बालबालिकाहरुलाई नियमित उपस्थित गराउने कार्ययोजना बनाई कार्यान्वयन गर्नुपर्नेछ ।

६.६ विद्यालय व्यवस्थापन समितिबाट विद्यार्थी सङ्ख्या एकिन भएको निर्णयको प्रतिलिपि पेश गर्नुपर्नेछ ।

## परिच्छेद ४

७. प्रति विद्यार्थी एकाई लागत अनुदान कार्यका लागि शिक्षक प्र अ तथा विद्यालय व्यवस्थापन समितिका पदाधिकारीले भरी पठाएको विद्यार्थी सङ्ख्याको विवरण दिदा झुट्टा विद्यार्थी सङ्ख्याको विवरण दिएमा प्रचलित कानुनबमोजिम कारवाही गरिनेछ ।

८.कार्यविधिमा संशोधनः गाउँकार्यापालिकाले यस कार्यविधि संशोधन गर्न सक्नेछ ।

९. यस कार्यविधि बमोजिम हुनेः यस कार्यविधिमा लेखिएका कुराहरु यसै बमोजिम र अन्य कुराहरु प्रचलित नेपाल कानुन बमोजिम हुनेछ ।

१०. आवश्यक मापदण्ड बनाउन सक्नेः गाउँ शिक्षा समितिले आवश्यक ठानेमा मापदण्ड बनाउन सक्नेछ ।

११. कार्यविधिको व्याख्या : यो कार्यविधिको व्याख्या गाउँकार्यपालिकाले गरे बमोजिम हुनेछ ।

सुवर्ण घिमिरे
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

# करारमा शिक्षक नियुक्ति सम्बन्धि कार्यविधि २०७७

सामुदयिक विद्यालयको स्वीकृत दरबन्दी ,राहत अनुदान कोटा, गाउँपालिका स्वयंसेवक शिक्षक, निजिस्रोत शिक्षक नियुक्ति सम्बन्धी व्यवस्थालाई व्यवस्थित र मर्यादित बनाउन आवश्यक भएकोले जहदा गाउँपालिकाले गाउँपालिकाको शिक्षा ऐन २०७७ को दफा ६१ ले दिएको अधिकार प्रयोग गरी गाउँकार्यपालिकाले यो कार्यविधि जारी गरेको छ ।

## परिच्छेद १- प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः

(१) यो कार्यविधिको नाम करारमा शिक्षक नियुक्ति सम्बन्धि कार्यविधि २०७७ रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क) "गाउँपालिका भन्नाले जहदा गाउँपालिकालाई सम्झिनुपर्दछ ।

ख) "ऐन "भन्नाले जहदा गाउँपालिकाको शिक्षा ऐन २०७७ सम्झनुपर्दछ ।

ग) "प्रमुख" भन्नाले जहदा गाउँपालिकाको प्रमुखलाई सम्झनुपर्दछ ।

घ) "प्रमुख प्रशासकिय अधिकृत" भन्नाले जहदा गाउँपालिकाको प्रमुख प्रशासकिय अधिकृतलाई सम्झनुपर्दछ ।

ङ) "शाखा " भन्नाले शिक्षा युवा तथा खेलकुद शाखा सम्झनुपर्दछ ।

च) "शिक्षा अधिकृत "भन्नाले शिक्षा युवा तथा खेलकुद शाखाको प्रमुख वा सो कामकाज गर्न तोकिएको कर्मचारी सम्झनुपर्दछ ।

छ) "विद्यालय व्यवस्थापन समिति" भन्नाले दफा १८ बमोजिम गठित भएको समिति सम्झनुपर्दछ ।

ज) "शिक्षक" भन्नाले स्वीकृत दरबन्दी, राहत अनुदान कोटा ,स्वयंसेवक शिक्षक पि सि फ शिक्षक र निजी स्रोतमा कार्यरत शिक्षकलाई सम्झनुपर्दछ ।

झ) "विशेषज्ञ" भन्नाले माध्यमिक र निम्नमाध्यमिक तहको हकमा विषय विज्ञ र प्राथमिक तहको हकमा विषयविज्ञको रुपमा सूचीकृत भएको विषयविज्ञ सम्झनुपर्दछ । ।

## परिच्छेद २- पदपूर्ति र छनौट प्रकृया

३.पदपूर्ति :(१) सामुदायिकि विद्यालयमा शिक्षक पद रिक्त भएमा रिक्त भएको तह श्रेणी र विषय खोली सात दिनभित्र जानकारी दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम रिक्त पदमा विद्यालयले विद्यालय व्यवस्थापन समितिको निर्णय सहित अनुमतिका लागि गाउँपालिकामा माग गर्नुपर्नेछ ।

३) पदपूर्तिका माग भएकोमा गाउँपालिकाले अनुमतिका लागि आवश्यक सिफारिस सहित शिक्षा विकास तथा समन्वय ईकाईमा पठाउनेछ ।तर स्वयंसेवक शिक्षक र पि सि अ शिक्षकको हकमा गाउँपालिकाले अनुमति दिनेछ ।

४) पदपूर्तिका लागि अनुमति प्राप्त भएपछि विद्यालयले दैनिक पत्रिकामा १५ दिनको विज्ञापनको सूचना प्रकाशन गर्नुपर्नेछ ।विज्ञापन एक प्रति गाउँपालिका वडा कार्यालय र सम्बन्धित विद्यालयमा समेत टास गर्नुपर्नेछ ।टास गरेको भर्पाई विद्यालयले सुरक्षित राखुपर्नेछ ।

सुवर्ण घिमिरे
प्रमुख प्रशासकिय अधिकृत

Scanned with CamScanner

५)विज्ञापनको म्याद समाप्त भएपछि दफा २३ बमोजिमको शिक्षक छनौट समितिले करारमा शिक्षक नियुक्तिका लागि विद्यालय व्यवस्थापन समितिलाई शिक्षक नियुक्तिका लागि सिफारिस गर्नेछ ।शिक्षक सेवा आयोगबाट प्रकाशित करार सूचीमा नाम भएका उम्मेद्वारले आवेदन गरेमा करार सूचिका योग्यताक्रमका आधारमा सिफारिस गर्नुपर्नेछ ।

४. छनोट प्रक्रिया: (१) करारमा शिक्षक छनोट गर्दा शिक्षक सेवा आयोगले सम्बन्धित तह र विषयका लागि निर्धारण गरेको पाठ्यक्रमअनुसार परीक्षा सञ्चालन गर्नुपर्नेछ ।

(२)लिखित परीक्षा र अन्तर्वार्ता समेतबाट उच्चतम अङ्क प्राप्त गर्ने उम्मेद्वारलाई शिक्षक छनोट समितिले नियुक्तिका लागि विद्यालय व्यवस्थापन समिति समक्ष सिफारिस गर्नेछ ।

(३)शिक्षक छनोट गर्दा शिक्षक सेवा आयोगबाट तोकेबमोजिमको सङ्ख्यामा वैकल्पिक उम्मेद्वार छनोट गर्नुपर्नेछ ।

(४)ऐनको दफा २३ बमोजिम शिक्षक छनौट समितिमा विषय विज्ञ छनौट गर्दा सूचिकृत विषय विज्ञ मध्येबाट परीक्षा सञ्चालन हुने दिन बिहान छनौट समितिका अध्यक्ष समितिका सदस्य र सदस्य सचिवका रोहवरमा गोलाप्रथाद्वारा छनौट गर्नपर्नुपर्नेछ ।

## परिच्छेद ३- विशेषज्ञसम्बन्धि व्यवस्था

५. विशेषज्ञ सूचीकरण प्रक्रिया:(१) ऐनको दफा २५ बमोजिम विशेषज्ञ हुन चाहने स्थायी शिक्षकले गाउँपालिलकाले सूचना प्रकाशन गरी तोकेको अवधिभित्र निवेदन दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोशजम सूचना प्रकाशन गर्दा निवेदन साथ पेश गर्नुपर्ने कागजातहरु र निवेदन दस्तुर समेत तोकिनेछ ।

(३)शाखाले उपदफा (१) र (२) बमोजिम निवेदन दिएका शिक्षकहरुको निवेदन छानविन गरी प्राथमिक निम्नमाध्यमिक र माध्यमिक तहका छुट्टा छुट्टै विशेषज्ञ सूचि प्रकाशन गरिनेछ

(४) उपदफा (३) बमोशजम सूची प्रकाशित गर्दा निम्नमाध्यमिक र माध्यमिक तहका लागि विशेषज्ञ हुने विषय समेत खुलाई प्रकाशित गर्नुपर्नेछ ।

६.विशेषज्ञको योग्यता: विशेषज्ञ हुन देहायको योग्यता हुनुपर्नेछ ।

क) सम्बन्धित तहमा स्थायी नियुक्ति भएको एक बर्ष पूरा भई कम्ती तीन वर्षको शिक्षण अनुभव भएको

ख) प्राथमिक तहका लागि स्नातक सो सरह र तालिम प्राप्त प्राप्त

ग) निम्न माध्यमिक तहका लागि सम्बन्धित विषयमा स्नातक वा सो सरह र तालिम प्राप्त

घ) माध्यमिक तहका लागि सम्बन्धित विषयमा स्नात्तकोत्तर वा सो सरह र तालिम प्राप्त

७. विशेषज्ञ छनौट सम्बन्धि व्यवस्था: (१) कुनै विषयमा कम्तीमा ६ जना विशेषज्ञ सूचिकृत नभएमा वा सूचिकृत विशेषज्ञ उपलब्ध नभएमा शिक्षा विकास तथा समन्वय ईकाई मोरङको समन्वयमा अन्य पालिकाबाट सूचिकृत विशेषज्ञबाट समेत छनौट गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिमका विशेषज्ञबाट गोलाप्रथाबाट छनौट समितिले विशेषज्ञ छनौट गर्नेछ ।

(३) गाउँपालिकामा विषय विशेषज्ञ सूचिकृत नहुदासम्म शिक्षक छनौट गर्नुपरेमा शिक्षा विकास तथा समन्वय ईकाई मोरङमा सूचिकृत भएका विशेषज्ञबाट छनौट गर्न सकिनेछ ।

४) शिक्षा विकास तथा समन्वय ईकाईमा सूचिकृत भएका विशेषज्ञको सूची शाखाले माग गरी अभिलेख राख्नेछ ।

## परिच्छेद ४- करार नियुक्ति

८. करारमा शिक्षक नियुक्ति (१) यस कार्यविधि बमोजिम छनौट भएका शिक्षकको बढीमा एक शैक्षिक सत्रका लागि विद्यालय व्यवस्थापन समितिले करारमा नियुक्ति गर्नेछ ।

सुदर्शन घिमिरे
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

२) करारमा नियुक्ति भएका शिक्षकको अभिलेखका लागि फाईल खडा गरी १५ दिनभित्र गाउँपालिकमा पेश गर्नुपर्नेछ ।

३) विद्यालयले करारमा शिक्षक नियुक्ति गरेको जानकारी अभिलेख हस्तान्तरण नहुदासम्म शिक्षा विकास तथा समन्वय ईकाईमा समेत दिनुपर्नेछ ।

४) शिक्षक सेवा आयोगबाट स्थायी शिक्षक नियुक्ति भै आएमा करारमा नियुक्ति भएको शिक्षक जुनसुकै बेला सेवाबाट अवकाश हुनेछ ।

९.वैकल्पिक उम्मेद्वारले नियुक्ति पाउनेः (१) सफल उम्मेद्वारले सिफारिस भएको सात दिनभित्र करार नियुक्ति लिई विद्यालयमा हाजिर हुनुपर्नेछ ।

(२) उपदफा (१ बमोजिम सफल उम्मेद्वारले करार नियुक्ति नलिएमा वा नियुक्ति लिई हाजिर नभएमा वैकल्पिक उम्मेद्वारलाई नियुक्ति गरिनेछ ।

१० . उजुरी सम्बन्धी व्यवस्था १) करारमा शिक्षक नियुक्ति सम्बन्धि विषयमा चित्त नबुझेमा उम्मेद्वारले गाउँपालिकामा कारण र आधार खोली उजुरी दिन सक्नेछन् ।

२) उपदफा (१) बमोजिम प्राप्त उजुरीमा छानबिन गर्न देहायबमोजिम एक उजुरी छानविन समिति रहनेछ

क) प्रमुख प्रशासकीय अधिकृत - संयोजक

ख) शिक्षा शाखा प्रमुख- सदस्य

ग) प्रमुख प्रशासकीय अधिकृतले तोकेको अधिकृत - सदस्य सचिव

३) समितिले उजुरी उपर छानविन गरी आवश्यक निर्णय लिनेछ ।

११.पारिश्रमिक सम्बन्धि व्यवस्थाः छनोट समितिका सदस्यहरुले विद्यालय व्यवस्थापन समितिले तोकेबमोजिम पारिश्रमिक पाउनेछन।

१२. स्वीकृत दरवन्दीमा रिक्त करार शिक्षक ,राहत अनुदान रिक्त पदमा, गाउँपालिका स्वयंसेवक शिक्षक, गाउँपालिकाबाट पि सि फ अनुदानमा नियुक्त हुने शिक्षक र निजि स्रोतमा शिक्षक नियुक्ति यसै कार्यविधि बमोजिम हुनेछ ।

१३. यस कार्यविधि बमोजिम हुनेः यस कार्यविधिमा लेखिएका कुराहरु यसै बमोजिम र अन्य कुराहरु प्रचलित नेपाल कानुन बमोजिम हुनेछ ।

१४. आवश्यक मापदण्ड बनाउन सक्नेः गाउँ शिक्षा समितिले आवश्यक ठानेमा शिक्षक छनौट सम्बन्धि मापदण्ड बनाउन सक्नेछ ।

१५. कार्यविधिको व्याख्या : यो कार्यविधिको व्याख्या गाउँकार्यपालिकाले गरे बमोजिम हुनेछ ।

सुवर्ण घिमिरे
प्रमुख प्रशासकिय अधिकृत

Scanned with CamScanner

# खण्ड - ग

## विद्यालय कर्मचारी, बाल विकास केन्द्रका सहजकर्ता र सामुदायिक सिकाइ केन्द्रका परिचालक छनौट परीक्षा (सञ्चालन एवम् व्यवस्थापन) निर्देशिका २०७७

**प्रस्तावना :**

जहदा गाउँपालिका अन्तरगत सञ्चालित विद्यालयमा रिक्त भएका/हुने विद्यालय कर्मचारी, बाल विकास केन्द्रका सहजकर्ता र सामुदायिक सिकाइ केन्द्रका परिचालकहरुको नियुक्ति प्रक्रियालाई व्यवस्थित गर्न र नियुक्ति प्रक्रियामा एकरुपता कायम गर्न वाञ्छनीय भएकोले जहदा गाउँपालिका शिक्षा ऐन २०७७ को दफा ६१ ले दिएको अधिकार प्रयोग गरी गाउँकार्यपालिकाले यो निर्देशिका जारी गरेको छ ।

### परिच्छेद-१
### प्रारम्भिक

१) **संक्षिप्त नाम र प्रारम्भ :**

क) यस निर्देशिकाको नाम विद्यालय कर्मचारी, बाल विकास केन्द्रका सहजकर्ता र सामुदायिक सिकाइ केन्द्रका परिचालक छनौट परीक्षा (सञ्चालन एवम् व्यवस्थापन) निर्देशिका २०७७ रहेको छ ।

ख) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ ।

ग) यो निर्देशिका जहदा गाउँपालिका भरी लागू हुनेछ ।

२) **परिभाषा :**

**विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा, यस निर्देशिकामा :**

क) विद्यालय कर्मचारी भन्नाले सामुदायिक विद्यालयमा कार्यरत शिक्षक बाहेकका अन्य कर्मचारीलाई सम्झनुपर्छ,

ख) बाल विकास केन्द्रका सहजकर्ता भन्नाले सामुदीयक विद्यालयका बालविकास केन्द्रका सहजकर्तालाई सम्झनुपर्छ र सो शब्दले समुदायमा आधारित बालविकास केन्द्रका सहजकर्ताहरु समेतलाई जनाउँछ ।

ग) सामुदायिक सिकाइ केन्द्रका परिचालक भन्नाले सामुदायिक सिकाइ केन्द्रका परिचालकलाई जनाउँछ ।

घ) शिक्षा शाखा भन्नाले जहदा गाउँपालिकाको शिक्षा शाखालाई सम्झनुपर्छ ।

सुवर्ण कार्की
प्रशासकीय अधिकृत

ङ) **शिक्षा अधिकृत** भन्नाले शिक्षा शाखा प्रमुख वा प्रमुखको कामकाज गर्न तोकिएको कर्मचारी सम्झनुपर्छ ।

च) **विद्यालय** भन्नाले जहदा गाउँपालिका अन्तरगत सञ्चालित विद्यालयहरु सम्झनुपर्छ ।

छ) **शिक्षा ऐन** भन्नाले जहदा गाउँपालिका शिक्षा ऐन २०७७ सम्झनुपर्छ ।

ज) **छनौट परीक्षा** भन्नाले विद्यालय कर्मचारी, बालविकास केन्द्रका सहजकर्ता र सामुदायिक सिकाइ केन्द्रका परिचालक छनौटको लागि सञ्चालन गरिने परीक्षा सम्झनुपर्छ ।

झ) **गाउँ शिक्षा समिति** भन्नाले शिक्षा ऐनको दफा १५ बमोजिम गठित समिति सम्झनुपर्छ ।

## परिच्छेद-२

३) **छनौट समिति :**

क) छनौट परीक्षा सञ्चालन गर्नको लागि शिक्षा ऐनको दफा २३ बमोजिम गठित समिति रहनेछ ।

ख) छनौट समितिमा शिक्षा अधिकृतलेले तोकेको दुई जना विषय विज्ञ रहनेछन् । यस नियमको प्रयोजनको लागि विषय विज्ञ तोक्दा कम्तीमा निम्न माध्यमिक तहको शिक्षाशास्त्रमा स्नातक उत्तीर्ण गरेको स्थायी शिक्षकहरु मध्येवाट तोक्नुपर्नेछ ।

तर

विद्यालय सहायक छनौट परीक्षाको लागि विषय विज्ञ तोक्दा दुई जना मध्ये एक जना व्यवस्थापन/वाणिज्यशास्त्रमा स्नातक उत्तीर्ण गरेका शिक्षकहरु मध्येवाट तोक्न सकिनेछ ।

ग) छनौट समितिको बैठक सञ्चालन सम्वन्धी कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

## परिच्छेद-३

४) **विद्यालय कर्मचारी, बाल विकास केन्द्रका सहजकर्ता र सामुदायिक सिकाइ केन्द्रका परिचालकको छनौट प्रक्रिया सम्बन्धी व्यवस्था :**

क) यो निर्देशिका जारी भएपछि विद्यालय कर्मचारी, बाल विकास केन्द्रका सहजकर्ता र सामुदायिक सिकाइ केन्द्रका परिचालकको छनौट प्रक्रिया देहायबमोजिम हुनेछ :

अ) सम्वन्धित विद्यालय, वालविकास केन्द्र वा सामुदायिक सिकाइ केन्द्रले कम्तीमा १५ दिनको सार्वजनिक सूचना गरी दरखास्त आव्हान गर्नुपर्नेछ ।

सुवर्ण घिमिरे
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

आ) दरखास्त आव्हान गर्दा दरखास्त दस्तुर, उम्मेद्वारको योग्यता, दरखास्त बुझाउने स्थान, सेवा सुविधा लगायतका विषयहरु स्पष्ट रुपमा खुलाउनुपर्नेछ ।

नोट : दरखास्त दस्तुर आधारभूत तहको विद्यालय सहयोगी र सामुदायिक सिकाइ केन्द्रको परिचालकको लागि रु.५००।- भन्दा बढी र माध्यमिक तहको विद्यालय कर्मचारी र बालविकास केन्द्रको सहजकर्ताको लागि रु.१,०००।- भन्दा बढी राख्न पाइने छैन ।

इ) छनौट समितिले सिफारिस गरेबमोजिम छनौट भएको उम्मेद्वारलाई सम्बन्धित व्यवस्थापन समितिले नियुक्ति दिनुपर्नेछ ।

ई) छनौट परीक्षाको पाठ्यक्रम गाउँ शिक्षा समितिले निर्धारण गरेबमोजिम हुनेछ ।

उ) छनौट परीक्षा लिखित, मौखिक र आवश्यकता परेको खण्डमा प्रयोगात्मक समेत हुन सक्नेछ ।

ऊ) लिखित परीक्षाको पूर्णाङ्क १०० र उत्तीर्णाङ्क ४० हुनेछ भने मौखिक परीक्षाको पूर्णाङ्क २५ हुनेछ । प्रयोगात्मक परीक्षा समेत लिनुपर्ने अवस्थामा छनौट समितिले आवश्यक मापदण्ड तयार गरी लागू गर्न सक्नेछ ।

## परिच्छेद - ४

५) **उम्मेद्वारको योग्यता :**

क) विद्यालय कर्मचारीको लागि :

अ) विद्यालय सहयोगीको लागि : आधारभूत तहको लागि कम्तीमा कक्षा ८ र माध्यमिक तहको लागि कम्तीमा SEE परीक्षा उत्तीर्ण गरेको ।

आ) विद्यालय सहायकको लागि : मान्यता प्राप्त शैक्षिक संस्थाबाट कम्तीमा कक्षा १२ उत्तीर्ण गरेको । लेखा र कम्प्युटर सम्वन्धि ज्ञान भएको हुनुपर्ने ।

ख) प्रारम्भिक बाल विकास केन्द्रको सहजकर्ताको लागि : मान्यता प्राप्त शैक्षिक संस्थाबाट शिक्षा विषय लिई कम्तीमा कक्षा एस ई ई उत्तीर्ण गरेको ।

ग) सामुदायिक सिकाइ केन्द्रका परिचालकको लागि : मान्यता प्राप्त शैक्षिक संस्थाबाट कम्तीमा कक्षा एस ई ई उत्तीर्ण गरेको ।

नोट : उत्तीर्ण भन्नाले माथिल्लो कक्षामा भर्नाको लागि तोकिए बमोजिमको मापदण्ड पुरा गरेको स्तर प्राप्त उम्मेद्वारलाई जनाउँछ ।

घ) नेपाली नागरिक.

ङ) १८ वर्ष उमेर पूरा भई चालीस वर्ष ननाघेको ।

६) **विशेष प्राथमिकता दिन सकिने :**

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

मौखिक परीक्षाको लागि छुट्याइएको कुल २५ अंक मध्ये बाट तपसिल बमोजिमको अंक देहायबमोजिमका उम्मेद्वारहरुलाई प्रदान गर्न सकिनेछ :

क) प्रारम्भिक बाल विकास केन्द्र र सामुदायिक सिकाइ केन्द्रको परिचालकको लागि स्थानीय विवाहित/ अपाङ्ग महिला लाई ५ अंक । अपाङ्गताको अंक प्रदान गर्न अपाङ्गता परिचयपत्र अनिवार्य रुपमा संलग्न राख्नुपर्नेछ ।

ख) विद्यालय कर्मचारी र प्रारम्भिक बालविकास केन्द्रको सहजकर्ताको हकमा विज्ञापन प्रकाशित गर्ने विद्यालयमा निजी स्रोतमा कार्यरत रहेको भए काम गरेको प्रत्येक वर्षको लागि १ अंकको दरले बढीमा ५ अंक । त्यसरी कार्यरत उम्मेद्वारले सम्बन्धित विद्यालयको प्रधानाध्यापकबाट अनुभवको प्रमाणित कागजात पेश गर्नुपर्नेछ ।

ग) प्रारम्भिक बालविकास केन्द्रको सहजकर्ताको लागि स्थायी अध्यापन अनुमति प्राप्त उम्मेद्वारलाई ५ अंक ।

६) निर्देशिकामा लेखिएका कुराहरु यसै बमोजिम र अन्य कुराहरु मौजुदा कानुन बमोजिम हुनेछ । यस अघि नियुक्त भएका विद्यालय कर्मचारी, बाल विकास केन्द्रका सहजकर्ता र सामुदायिक सिकाइ केन्द्रका परिचालकको नियुक्ती यसै निर्देशिका बमोजिम भएको मानिनेछ ।

७) परीक्षा सञ्चालनको क्रममा कुनै वाधा अड्चन आइपरेमा छनौट समितिले आवश्यक निर्णय लिन सक्नेछ ।

८) गाउँ कार्यपलिकाले आवश्यकता अनुसार निर्देशिका संशोधन र हेरफेर गर्न सक्नेछ ।

◆

सुदर्शन घिमिरे
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner